# यूएसएआइडी किशोरकिशोरी प्रजनन स्वास्थ्य



*फोटो: युएसएआइडीका लागि केयर नेपाल*

## पृष्ठभूमि

नेपाल सरकारले राष्ट्रिय किशोरकिशोरी स्वास्थ्य तथा विकास रणनीति २०७५ तयार गरी कार्यान्वयनमा ल्याएको छ। यो रणनीतिको मुख्य ध्येय भनेको उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गरी सरोकारवालाहरुबीच रणनैतिक सहकार्य गरी किशोरकिशोरीहरुको स्वास्थ्य र विकासको सुनिश्चितता गर्नु रहेको छ। यस रणनीतिले किशोरकिशोरीहरुको लागि सहयोगी र सुरक्षित वातावरण तयार गर्ने, यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार ल्याउने लगायत उनीहरुको समग्र विकासको लागि बहुक्षेत्रीय संलग्नतालाई जोड दिएको छ। यसको कार्यान्वयनको लागि संघ, प्रदेश, तथा स्थानीय सरकारको भुमिकाको स्पष्ट खाका तयार गरेको छ भने गैर सरकारी र निजी क्षेत्रको भुमिकालाई समेत महत्वपुर्ण स्थान दिएको छ। किशोरकिशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य सुधारको लागि नेपाल सरकारले किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा सञ्चालन निर्देशिका २०७९ पनि जारी गरेको छ।

युएसएआइडी किशोरकिशोरी प्रजनन स्वास्थ्य परियोजनाले परिवार योजना तथा प्रजनन स्वास्थ्य सुधार गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारसंगको समन्वयमा काम गर्दछ। किशोरकिशोरीहरुलाई परिवार योजना तथा प्रजनन स्वास्थ्यको बिषयमा सुसुचित गराउन तथा उनीहरुको सेवाको उपयोग बढाउन यो परियोजनाले स्थानीय सरकार तथा अन्य सरोकारवालाहरुसंग मिलेर बिभिन्न नविनतम बिधिहरु अपनाउने छ। राष्ट्रिय रुपमा तयार भएको कतिपय नीति तथा योजनाहरुलाई स्थानीयकरण गर्न सहयोग गर्छ भने स्थानीय आवश्यकताको आधारमा पनि किशोरकिशोरीको सवाललाई स्थानीय विकासका मूल प्रवाहिकरण गर्न र सेवाहरुको गुणस्तर अभिबृद्धिको लागि पनि पहल गर्नेछ।

## संक्षेपमा

**परियोजना अवधि:** सन् २०२२-२०२७ (वि.सं.२०७९ देखि २०८४)

**भौगोलिक क्षेत्र :** ३ प्रदेश (मधेश, कर्णाली, लुम्बिनी) अन्तर्गत ११ जिल्लाका ६० स्थानीय तह (मधेश ४१, लुम्बिनी १२ र कर्णाली ७)

**प्रमुख साझेदार:** CARE Nepal

**कन्सोर्टियम साझेदारहरू:** HDI, Jhpiego, AYON, Nepal CRS Company

**जिल्ला साझेदारहरू:** SAC Nepal सुर्खेत, DDS सल्यान, RUDAS Nepal रोल्पा, BEE Group बाँक, MRDCC प्युठान, Aasaman Nepal धनुषा, CNRD रौतहट, BWSN सर्लाही, DDRC पर्सा, Protection Nepal बारा, RYC महोत्तरी

# यूएसएआइडी किशोरकिशोरी प्रजनन स्वास्थ्य

**लक्ष्य:** किशोरकिशोरीहरुलाई प्रजनन स्वास्थ्यको बारेमा निर्णय लिने सिप विकासको लागि सहि र उपयुक्त जानकारी तथा मार्गदर्शन भएको यकिन गर्दै, उनीहरुमा प्रजनन स्वास्थ्य सम्बन्धी विषयमा निर्णय गर्न र त्यसलाई व्यवहारमा लागु गर्नको लागि घरपरिवार तथा समुदायमा उपयुक्त वातावरण तयार गराउदै उनीहरुको पूर्ण क्षमताको विकास गराउनमा सहयोग पुऱ्याउनु हो ।

## पद्धतिहरू

बिबिध माध्यमबाट सामाजिक व्यवहार परिवर्तन

किशोरकिशोरी उत्तरदायी स्वास्थ्य सेवा प्रणाली

क्षमता सबलीकरण /सुदृढीकरण

## युवा संलग्नता

## स्वस्थ्य छनौट गर्ने क्षमताको विकास

## संरचनाहरूको रूपान्तरण

## सम्बन्ध परिवर्तन

### समुदाय तह

- कशोरकिशोरीहरुमा आफ्नो प्रजनन स्वास्थ्यका बारे राम्रोसँग बुझ्न, स्वास्थ्य सम्बन्धी निर्णय लिन सशक्त तथा स्वस्थ व्यवहार अपनाउन दक्षताको विकास भएको हुनेछ ।
- किशोरकिशोरीहरुले परिवार योजना तथा प्रजनन् स्वास्थ्यको बारेमा जानकारी र सामाजिक व्यवहार परिवर्तनको लागि सहयोग पाउने छन् र उनीहरुलाई गुणस्तरीय सेवाको लागि किशोरकिशोरी उत्तरदायी सेवा तथा साधनहरुसंग जोडिने छ ।
- समुदायका सदस्यहरुलाई सामाजिक व्यवहार परिवर्तनको लागि सहयोग गरिने छ जसले गर्दा फलस्वरुप किशोरकिशोरीहरुले परिवार योजना र प्रजनन् स्वास्थ्य सम्बन्धी गर्ने आत्मनिर्णयको अभ्यास र स्वस्थ व्यवहारहरुलाई निरन्तरता दिनमा सहजिकरण गर्ने छन् ।

### स्वास्थ्य प्रणाली तह

- किशोरकिशोरीका लागि किशोरकिशोरी उतरदायि परिवार योजना तथा प्रजनन् स्वास्थ्य सेवा सुविधा तथा साधनहरू हरेक गाउँ/नगरपालिकामा उपलब्ध र पहुँचयोग्य हुनेछन् ।
- परियोजना लागु गरिएको प्रत्येक गाँउ / नगरपालिकाहरुमा किशोर किशोरीहरुका लागि आवश्यक परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा तथा साधनको लागि उच्च गुणस्तरीय तथा पहुँचयोग्य निजी तथा सार्वजनिक क्षेत्रका स्रोतहरूको पहिचान तथा सबलीकरण गरिएको हुनेछ ।
- उच्च गुणस्तरीय किशोरकिशोरी उत्तरदायी परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवा तथा साधन उपलब्ध गराउनका लागि हरेक गाउँ / नगरपालिकामा देखिएको कमी कमजोरीहरुमा सुधार हुनेछ ।

सन् २०२७ सम्ममा हामी **५,७७,२९४** किशोरकिशोरी तथा **११,३८,०६७** अभिभावक र समुदायका सदस्यहरूसम्म पुग्नेछौं ।

### संस्थागत तह

- परियोजनाको सफल अभ्यास तथा अवधारणाहरुलाई गुणस्तरिय किशोरकिशोरी प्रजनन स्वास्थको स्थानिय तहमा आत्मसात गरिएको हुनेछ ।
- स्थानिय सरकारहरुले परियोजनाको सफल अभ्यास तथा अवधारणाहरुलाई आफ्नो नियमित बजेट तथा कार्यक्रममा राखी कार्यन्वयनमा ल्याउने छन् ।
- निजी स्वास्थ्य सेवा प्रदायक संस्थाहरूले स्वतन्त्र रूपमा कार्यक्रम सम्बन्धी सफल अवधारणाहरुलाइ आफ्नो सेवामा नियमित रुपमा कायम राखि कार्यान्वयन गर्नेछन् ।

## प्रभाव

* स्वैच्छिक परिवार योजनामा बृद्धि हुने
* अनैच्छिक गर्भधारणमा कमी हुने

* महिनावारी स्वच्छतामा सुधार हुने
* उपयुत्त जन्मान्तर र गर्भान्तरको समयमा सुधार हुने

* बालविवाह, उमेर नपूगी र जबरजस्ती गरिने विवाहमा कमी हुने
* विद्यालय छोड्ने दरमा कमी हुने




नोट: यस नक्सामा प्रयोग गरिएका सीमानाहरू र नामहरूले अमेरिकी सरकार वा युएसएआईडीको आधिकारिक समर्थन वा स्वीकृति जनाउँदैन ।

## कर्णाली प्रदेश

### सल्यान जिल्ला
१. शारदा नगरपालिका
२. बागचौर नगरपालिका
३. बनगाँड कुपिन्डे नगरपालिका

### सुर्खेत जिल्ला
४. गुर्बाकोट नगरपालिका
५. भेरीगंगा नगरपालिका
६. लेकबेसी नगरपालिका
७. पञ्चपुरी नगरपालिका

## लुम्बिनी प्रदेश

### बाँके जिल्ला
१. नरैनापुर गाउँपालिका
२. डुडुवा गाउँपालिका
३. जानकी गाउँपालिका
४. खजुरा गाउँपालिका

### रोल्पा जिल्ला
५. लुंग्री गाउँपालिका
६. रुन्टिङगढि गाउँपालिका
७. रोल्पा नगरपालिका

### प्युठान जिल्ला
८. नौबहिनी गाउँपालिका
९. गौमुखी गाउँपालिका
१०. स्वर्गद्वारी नगरपालिका
११. प्युठान नगरपालिका
१२. झिमरुक गाउँपालिका

## मधेश प्रदेश

### बारा जिल्ला
१. पचरौटा नगरपालिका
२. कलैया नगरपालिका
३. सुवर्ण गाउँपालिका
४. महागढिमाई नगरपालिका
५. सिम्रौनगढ नगरपालिका

### धनुषा जिल्ला
६. शहीदनगर नगरपालिका
७. गणेशमान-चारनाथ नगरपालिका
८. कमला नगरपालिका
९. हंसपुर नगरपालिका
१०. मिथिला बिहारी नगरपालिका
११. छिरेश्वर नगरपालिका
१२. सबैला नगरपालिका
१३. धनुषाधाम नगरपालिका

### महोत्तरी जिल्ला
१४. औरही नगरपालिका
१५. बलवा नगरपालिका
१६. राम गोपालपुर नगरपालिका
१७. भंगाहा नगरपालिका
१८. सोनामा गाउँपालिका
१०. लोहारपट्टि नगरपालिका
२०. सम्सी गाउँपालिका
२१. गौशाला नगरपालिका

### पर्सा जिल्ला
२२. पोखरिया नगरपालिका
२३. बहुदरमाई गाउँपालिका
२४. जगरनाथपुर गाउँपालिका
२५. पर्सागढी नगरपालिका

### रौतहट जिल्ला
२६. कटहरिया नगरपालिका
२७. गजुरा नगरपालिका
२८. गरुडा नगरपालिका
२०. देवही गोनही नगरपालिका
३०. बृन्दाबन नगरपालिका
३१. माधव नारायण नगरपालिका
३२. गढिमाई नगरपालिका
३३. फतुवा बिजयपुर नगरपालिका

### सर्लाही जिल्ला
३४. कबिलाशी नगरपालिका
३५. चन्द्रनगर गाउँपालिका
३६. हरिपुर नगरपालिका
३७. हरिपुर्वा नगरपालिका
३८. इश्वरपुर नगरपालिका
३०. बरहथवा नगरपालिका
४०. ब्रम्हपुरी गाउँपालिका
४१. मलंगवा नगरपालिका

सम्पर्क: सुज्यान रायर, चिफ अफ पार्टी, युएसएआइडी किशोरकिशोरी प्रजनन स्वास्थ्य, suzanne.reier@care.org

Howard Delafield International | jhpiego | NEPAL CRS COMPANY नेपाल सि आर एस कम्पनी

डिस्क्लेमर: यो पत्र संयुक्त रूपमा अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस पत्र भित्रका विषयवस्तु र सामग्री केयर नेपालका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरुरी छैन ।